आज मिति २०८२ साल माघ महिनाको २६ गते सोमबारका दिन राइनास नगरपालिकाको कार्यपालिका हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा राइनास नगर कार्यपालिकाको ८६ औं बैठक बसी निम्नानुसार निर्णय गरियो।

**उपस्थिति :**

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज रेग्मी | सचिव |

**आमन्त्रित अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| १. | प्र.अ. विमला वाग्ले | |
| 2. | इ. गितेश रिसाल, प्राविधिक शाखा | |
| ३. | लै.अ. श्याम बहादुर चन्द्रकाली | |
| | | |
| | | |

मिति २०८२/१०/२६ गतेको ८६ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठकमा पेश भएका प्रस्तावहरु

१. १५ शैया अस्पताल सञ्चालन सम्बन्धमा।
२. वडा नं ३ र ९ को संयुक्त कृषि सडक सम्बन्धमा ।
३. सडक बोर्ड नेपालको साझेदारी सडक मर्मत योजना सम्बन्धमा ।
४. धमिलीकुवा अस्पतालको ठेक्का सम्बन्धमा ।
५. फोहरमैला संकलन ठेक्का सम्बन्धमा ।
६. नगरपालिकाको नेपाली र अंग्रेजी नाम भाषिक शुद्धता सम्बन्धमा ।
७. नदीजन्य पदार्थको संकलन तथा आन्तरिक निकासी ठेक्का सम्बन्धमा ।
८. विविध

निर्णयहरु:

निर्णय नं.१:

यस नगरपालिकाको वडा नं. ४ चक्रतिर्थमा १५ शैया अस्पताल प्रयोजनार्थ निर्माण सम्पन्न भवनमा चक्रतिर्थ स्वास्थ्य चौकीलाई स्थानान्तरण गरी उक्त स्थानबाट यही २०८२ साल फागुन महिनाको पहिलो हप्ता भित्र सो भवनबाट सेवा उपलब्ध गराउने। साथै आधारभूत अस्पताल सञ्चालनमा आवश्यक सहयोगका लागि स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेतमा अनुरोध गर्ने।

निर्णय नं.२:

कृषि सडक भिरकुना र खोरभन्ज्याङ (वडा नं ३ र ९ साझेदारी) साथै मैते चौतारो वडा नं ९ को योजना कार्यान्वयनमा प्राविधिकबाट लागत अनुमान तयार गर्ने क्रममा हेभि इक्यूपमेन्ट प्रयोग हुने देखिएको र राइनास नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७८ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समितिको कार्यमा हेभी इक्यूपमेन्ट प्रयोग गर्न नसकिने उल्लेख भएतापनि उक्त कार्य स्थानीयकै रोहबरमा आम उपभोक्ताबाटै गराउँदा १५ प्रतिशत लागत सहभागितासमेत हुने र अपनत्व बोधसमेत हुने साथै जग्गा व्यवस्थापनमा समेत सहजीकरण हुने भएकोले उपभोक्ता समितिसँग सम्झौता गरी हेभी इक्यूपमेन्ट प्रयोग गर्न अनुमति प्रदान गर्ने।

निर्णय नं.३:

सडक बोर्ड नेपालबाट राइनास नगरपालिकालाई सडक मर्मत संभार कार्यको लागि (ब.उ.शि.नं. ३३७३१०११३) रु ४५०००००।– पैतालिस लाख रकम स्वीकृत भएकोले नगरपालिकाले व्यहोर्नुपर्ने रकम रु १९२९०००।- सहितको प्राविधिक लागत इष्टमेट तयार गरी "मसार बोराङ खण्ड र हर्राबोट सालघारी वगुवा खण्ड सडक स्तरोन्नति" योजना स्वीकृत गरी सडक बोर्ड नेपालमा सिफारिस गर्ने साथै नगरपालिकाले व्यहोर्ने समपुरक कोष सुनिश्चितताको लागि आगामी नगरसभामा पेश गर्ने।

CamScanner

**निर्णय नं.४:**
यस राइनास नगरपालिका अन्तर्गत कार्यान्वयन भइरहेको योजना "Dhamelikuwa Health Post Building Upgrading to १५ Bed Hospital" को पूर्वनिर्धारित क्षतिपूर्ति (LD) को अधिकतम १० प्रतिशतको सीमा र अवधि समेत व्यतित भइसकेकोले मिति २०८२।०९।२५ गतेको निर्णयानुसार मिति २०८२।०९।२८ मा निर्माण व्यवसायीलाई कार्य सम्पन्न गर्ने सम्बन्धी १५ दिने सूचना समेत प्रकाशन गरिएकोमा सोही सूचना बमोजिम निर्माण व्यवसायीको तर्फबाट मिति २०८२।१०।०९ गते २०८२।१२।३० मा कार्यसम्पन्न गर्ने प्रतिबद्धता पेश भएकोमा अन्तिम एक पटकका लागि मिति २०८२।१२।३० सम्म कार्य गर्न दिने गरी कार्यान्वयन गराउने।सोही अनुसार बाँकी कार्यको भूक्तानी दिने व्यवस्था मिलाउने ।

**निर्णय नं.५:**
राइनास नगरपालिका भित्र फोहर संकलन गरी ल्याण्डफिल साइटसम्म ढुवानी तथा उचित विर्सजन र पुनः प्रयोग हुने कवाडी निकासी कार्यका लागि लाग्ने सामग्री र जनशक्ति व्यवस्थापन सम्बन्धित पक्षले गर्ने र सो कार्य गरे बापत नगरपालिकालाई एकमुष्ठ राजश्व बार्षिक न्यूनतम रु एक लाख र कार्यसम्पादन जमानत वापत रु पचास हजार तोकी दरभाउपत्र माग गर्दा कुनै पनि दरभाउपत्र पर्न नआएकोले कार्यसम्पादन जमानत वापत रु पच्चिस हजार हुने र कवाडी सामान लगेवापत नगरपालिकालाई कुनै रकम बुझाउन नपर्ने गरी दरभाउ संशोधन गरी पुन दरभाउपत्र आव्हान गर्ने ।

**निर्णय नं.६:**
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०८२/०८३, च.नं. ७४, मिति २०८२।०९।२९ को पत्रानुसार स्थानीय तहहरुको नाममा शुद्धाशुद्धी मिलान गर्नुपर्ने भएमा राजपत्रमा प्रकाशन भएको नाममा फरक नपर्ने गरी नेपाली र अङ्ग्रेजी नामको हिज्जे सहित पठाउन निर्देशन भए अनुसार यस नगरपालिकाको विवरण तपसिल अनुसारको व्यहोरा उल्लिखित पत्र पठाउने ।
तपसिलः

| राजपत्रमा प्रकाशित नाम | सुधार हुनुपर्ने विषय | कायम हुनुपर्ने नेपाली नाम | ENGLISH NAME | Website मा हुनुपर्ने नाम |
|---|---|---|---|---|
| राईनास | "ई" को सट्टा "इ" | राइनास | RAINAS | राइनास / RAINAS |

**निर्णय नं.७:**
नदीजन्य पदार्थको संकलन तथा आन्तरिक निकासी प्रयोजनको लागि तेश्रो पटकसम्म ठेक्का आव्हान गर्दा १२ वटा नाका घाटहरुको ठेक्का लागेको हुँदा बाँकी रहेका ९ वटा घाट नाकाहरुको लागि आवश्यक कागजात सहित योग्य व्यवसायी आएमा तेश्रो पटक ठेक्का आव्हान गर्दाको दर रेटमा पहिले आउनेसँग नदीजन्य पदार्थको संकलन तथा आन्तरिक निकासी प्रयोजनको लागि सम्झौता गर्ने ।

**निर्णय नं.८: (विविध)**
(क) राइनास नगरपालिका वडा नं. ५ निवासी कोपिला वि.क.को घर विगतको बर्षादका कारण क्षति भएकोले राहत स्वरुप रु ३०,०००।– र राइनास नगरपालिका वडा नं. ५ निवासी इन्दिरा

निर्णय प्रमाणित

पोखेलको आर्थिक अवस्था अत्यन्त नाजुक भएको हुँदा घर निर्माणको लागि राहत स्वरुप रु ३०,०००।– आर्थिक सहायता उपलब्ध गराउने ।

(ख) सर्वोदय सेवाश्रमको प.सं २०८२/०८३/५० मिति २०८२ पुस २७ को पत्रबाट अनुरोध भई आए बमोजिम राष्ट्रिय पुरस्कारहरु समर्पण कार्यक्रममा आएका अतिथिहरुलाई नगरपालिकको तर्फबाट स्थानीय आतिथ्यता उपलब्ध गराउने ।

(ग) यस कार्यालय र जनविकास सहकारी संस्था लि. बीच मिति २०८१ जेठ १३ मा भएको कृषि एम्बुलेन्स सञ्चालन सम्बन्धी सम्झौतामा उल्लिखित भाडा रकम प्रति कि.मि. रु ४०।- तोक्ने र अन्य शर्तहरु आवश्यकतानुसार परिमार्जन/संशोधन गरी कृषि एम्बुलेन्स सञ्चालन गर्ने । साथै कृषि एम्बुलेन्स सञ्चालन तथा उपयोगमा अन्य कृषक/व्यवसायीलाई समेट्ने गरी कार्यबिधि तयार गरी क्रमशः कार्यान्यनमा ल्याउने ।

(घ) भू-वर्गीकरण योजना तर्जुमा गर्ने कार्यको सम्झौता अनुसार तयार भइ कार्यालयमा प्राप्त भएको भू-उपयोग क्षेत्र बर्गीकरण सम्बन्धमा अन्तिम प्रस्तुतिकरण भई छलफल गरियो ।

(ङ) गत आ.ब.मा वडा नं. १ र ६ वडा कार्यालयबाट खरिद भएका फर्निचरहरु तत् तत् कार्यालयमा प्रयोगमा रहेको, कुनै सरकारी हानीनोक्सानी नभएको, चालु आ.ब.मा भुक्तानिका लागि बजेट व्यवस्था भएकोले अविलम्ब भुक्तानी दिने ।

खड्ग बहादुर गुरुङ
नगर प्रमुख